**बैठक संख्या ३**

मिति २०७७।१।३ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाल लगायत देहायका महानुभावहरुको उपस्थितिमा बसेको जिल्लास्तरीय Crisis Management Center (CMC) भक्तपुरको बैठकको निर्णय देहाय अनुसार रहेको छ।

<u>उपस्थिति:</u>

सल्लाहकार - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति भक्तपुर

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्ननाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, विरदल गण सुर्यविनायक व्यारेक
४. प्रहरी उपरिक्षक श्री सविन प्रधान, महानगरीय प्रहरी परिसर भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय भक्तपुर
७. सहायक प्र.जि.अ. श्री दिलिपप्रसाद लामिछाने, जिल्ला प्रशासन कार्यालय भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय भक्तपुर – स्थायी आमन्त्रित
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी भक्तपुर – स्थायी आमन्त्रित

**विशेष आमन्त्रित**

१. नगर प्रमुख श्री सुनिल प्रजापति, भक्तपुर नगरपालिका
२. नगर प्रमुख श्री बासुदेव थापा, सुर्यविनायक नगरपालिका
३. नगर प्रमुख श्री मदन सुन्दर श्रेष्ठ, मध्यपुर थिमी नगरपालिका
४. नगर प्रमुख श्री सोमप्रसाद मिश्र, चाँगुनारायण नगरपालिका
५. रविन्द्र ग्याखव - वडाध्यक्ष, भक्तपुर नपा ८ नं. वडा
६. कृतिका प्रजापति - स्वकीय सचिव - नपा

**छलफलका विषयहरु**

१. गृह मन्त्रालयबाट आएका निर्देशन र परिपत्र तथा सो को कार्यान्वयन
२. राहत वितरणको अवस्था र योजना
३. स्वस्थ्यसेवा तयारी
४. Movement Control
५. स्थानीय तहको समस्या तथा सुझाव
६. क्वारेन्टिनस्थलमा भएको खर्चको विवरण तथा पारित गर्ने
७. जिल्ला तहको खाद्यान्न भण्डार, स्वास्थ्य सामग्री भण्डारण र व्यवस्थापन सामग्रीको व्यवस्था
८. Death Body Management (स्थान, तरिका, तयारी र श्रोत व्यवस्था)

निर्णय

१. गृह मन्त्रालयबाट प्राप्त भएको निर्देशन एवं परिपत्रहरुको वारेमा जानकारीका साथै छलफल भयो।

२. यस जिल्लामा कोभिड १९ को प्रतिरोधका लागि हाल सम्मको भएको स्वास्थ्य तयारीका वारेमा छलफल भयो। यसको तयारी सन्तोषजनक रहेको पाइयो। उपकरण एवं औषधिको व्यवस्थापन एवं तयारी स्थानीय तहहरुले अझ ससक्त रुपमा गर्ने।

३. विस्केट जात्राको बाँकी कार्यक्रमलाई समेत भिडभाड रहित तवरले व्यवस्थापन गर्दै सम्पन्न गराउने।

४. राहत वितरणको कार्य सम्बन्धित वडाहरुबाट एकद्वारबाट प्रणालीबाट मात्र व्यवस्थापन गर्ने।

५. जिल्लाको लागि आवश्यक खाद्यान्न भण्डारणको व्यवस्थापन सुरक्षा निकायले गर्ने र सो का लागि आवश्यक श्रोत साधन स्थानीय तहले समेत उपलब्ध गराउने।

६. **Death Body Management** गर्नुपर्ने अवस्थामा सुरक्षा निकायले सो को व्यवस्थापन गर्ने।

७. भिड नियन्त्रण र बजार व्यवस्थापन गर्ने सुरक्षा निकायले स्थानीय तह संग समन्वय गरी अझ कडाई गर्ने।

८. मध्यपुर थिमि नगरपालिकाबाट संचालित नेपाल कोरिया मैत्री अस्पतालमा तयार गरिएको **PCR** मेसिनबाट कोभिड १९ परिक्षण गर्न स्वीकृतिका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखि पठाउने।

९. जिल्ला प्रवेश गर्ने सम्पूर्ण सवारी साधनलाई साँगाचोक र मनोहरापूलमा **Disinfection** गर्ने र आवतजावत गर्ने व्यक्तिको तापक्रम चेक गर्ने। यसका लागि नेपाल रेडक्रस सोसाइटीका साथै मनोहरापूलमा म.थि.न.पा र साँगा चोकमा सु.न.पा.ले सो को व्यवस्थापन गर्ने।

१०. नेपाली सेनाको विरदलगण सुर्यविनायक व्यारेकको प.सं १३६०५।एका।२२।०७६।७७।७ मिति २०७६।१२।२७ गतेको पत्रबाट लेखि आए अनुसार खरिपाटीस्थित क्वारेन्टाइनस्थलमा २०७६।१२।८, ९ र १२ गते विभिन्न देशबाट नेपाल आएका ९६ जनाको व्यवस्थापन र खानपानमा भएको एकमुष्ठ खर्च रु १४,९६,४५०।०० को विल भुक्तानीका लागि सम्बन्धित निकायमा सिफारिश गर्ने।